आज मिति २०७९।०९।३० गतेका दिन यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यू को अध्यक्षतामा तपशिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिमका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चेतराज बजाल | नगर प्रमुख | |
| २ | श्री रतन बहादुर सिंह | नगर उपप्रमुख | |
| ३ | श्री डम्बर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कलक बहादुर खडका | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गंग बहादुर खडका | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री ईश्वर बहादुर खाती | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री प्रेम थापा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नरेन्द्र बहादुर सिंह | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शिवराज जोशी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री लोकेन्द्र बहादुर बोहरा | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री गोपाल बहादुर खडका | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुष्प बहादुर सिंह | १० नं.वडा अध्यक्ष | |
| १३ | श्री सर्जन बहादुर थापा | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री उत्तरा कुईकेल खडका | महिला सदस्य | |
| १५ | श्री सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | श्री सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | श्री धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | श्री कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | श्री धर्मराज रसाईली | दलित सदस्य | |
| २० | श्री लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | श्री लोकेन्द्र बहादुर वि क | दलित सदस्य | |
| २२ | श्री नैन बहादुर सिंह | सचिव | |

२३ श्री रामचन्द्र जोशी ज०स्वा०नि०
२४ श्री सुमता बोगटी सु.प्र.अ.
२५ श्री करन ब. कामी सहायक पाँचौ
२६ श्री तेज ब. सिंह क.अ.
२७ श्री छत्र ब. महर का.स.

**प्रस्ताव**

**- LISA (स्थानीय तह संथागत क्षमता स्वमुल्यांकन) नतिजा सम्बन्धमा ।**
**- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा ।**
**- खर्चको फाँटवारी सार्वजनिक सम्बन्धमा ।**
**- ढुंगा, गिट्टी बालुवा निकासि सम्बन्धमा ।**
**- हिउँदे अधिवेशन सम्वन्धमा**

निर्णय नं. १

यस नगरकार्यपालिकाको आर्थिक बर्ष २०७८।०७९ मा गरेका LISA सम्बन्धी कार्यहरुको जिल्ला समन्वय समितिबाट आएको पृष्ठपोषणमा छलफल गरी स्वमुल्यांकनमा प्राप्त भएको तपसिल बमोजिमको अन्तिम नतिजालाई अनुमोदन गरी सार्वजनिकरण गर्ने निर्णय गरियो ।

- **जम्मा प्राप्ताङ्क – ६०.२५%**

**क्षेत्रगत नतिजा**

| विषयगत क्षेत्रहरु | प्राप्ताङ्क (%) |
|---|---|
| शासकीय प्रबन्ध | ८३.३३% |
| संगठन तथा प्रशासन | ७५% |
| बार्षिक बजेट तथा योजना ब्यवस्थापन | ६८.१८% |
| वित्तीय एबम् आर्थिक ब्यस्थापन | ७७.२७% |
| सेवा प्रवाह | ५६.२५% |
| न्यायिक कार्य सम्पादन | ९२.८६% |
| भौतिक पूर्वाधार | ३४.६२% |
| सामाजिक समावेशिकरण | ४७.५% |
| वातावरण संरक्षण तथा विपद ब्यवस्थापन | ५५.५६% |
| समन्वय र सहकार्य | १६.६७% |

सवल पक्ष

- न्यायिक कार्य सम्पादन क्षेत्रमा सवै भन्दा राम्रो कार्य भएको ।
- शासकीय प्रबन्धमा राम्रो पक्ष रहेको ।

सुधार गर्नु पर्ने पक्ष

- समन्वय र सहकार्यमा अन्तर-स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गर्नु पर्ने ।
- नतिजा कम प्राप्त भएको विषयगत क्षेत्रहरुमा कानुन बमोजिम कार्यको सुरुवाती गर्नु पर्ने ।

**निर्णय नं. २**

आगामि बर्षको बजेट तर्जुमा गर्दा सवै वडा, बिषयगत शाखाले LISA लाइ आधार मानि कार्यक्रम पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३**
यस नगरकार्यपालिकाको आन्तरिक नियन्त्रण प्रणाली लागु गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको **स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, नमूना २०७८** बमोजिम तत्काल निर्माण गरी आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
यस नगरकार्यपालिकाको आर्थिक बर्ष २०७९।०८० पौष मसान्त सम्मको चालु खर्च रु १८२८०९३५७। र पुँजिगत खर्च रु ३७१३२४१४ गरी जम्मा २१९९४१७७२। (३५.१३%) को खर्चको फाँटवारीलाइ छलफल गरी सार्वजनिकरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५**
यस नगरपालिकाको क्षेत्र भित्रको विभिन्न स्थानबाट ढुंगा, गिट्टी, बालुवा चोरी निकासि भइ आन्तरिक आयमा कमि आएकोले यस भन्दा अगाढी स्वीकृत गरिएको IEE Report लाइ आधार मानि तोकिएको क्षेत्रवाट मात्र संकलन गर्न आवश्यक प्राविधिक परामर्श लिइ खरिद प्रकृया तत्काल अगाढी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**
यस जयपृथ्वी नगरपालिकाको नगर सभा हिउँदे अधिबेशन मिति २०७९।१०।११ गते गर्ने निर्णय पारित गरियो ।